सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. ३०
जेठ, २०७९

# संघको नीति तथा कार्यक्रमहरुमा आमसञ्चार र पत्रकारिता

## पृष्ठभुमि

२०७४ सालमा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि मुलुक संघीयतामा गएको हो । संघीयतामा जाँदा अरू क्षेत्रमा जस्तै आमसञ्चार तथा पत्रकारितामा पनि संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट गरिएको छ । ती अधिकारहरूलाई कार्यान्वयन गर्ने क्रममा सरकारका नीति तथा कार्यक्रम र बजेटमा विभिन्न नीति तथा कार्यक्रमहरू समावेश गरेको पाइन्छ ।

२०७४ सालदेखि २०७८ साल भदौसम्म संघीय सरकारका तीनवटा नीति तथा कार्यक्रम आएका छन् । ती सबै नेकपाका अध्यक्ष केपीशर्मा ओली नेतृत्वको सरकारले प्रतिनिधिसभामा पेश गरेको थियो । प्रतिनिधिसभा नभएकाले २०७८/७९ मा नीति तथा कार्यक्रम आएन । तीनवटा बजेट नेकपाको नेतत्वमा र एउटा बजेट नेकपा एमालेको नेतृत्वको सरकारले ल्याएको थियो । प्रतिनिधिसभा नभएकाले पछिल्लो बजेट सरकारले अध्यादेशमार्फत ल्याइएको थियो ।[1] तीनवटा बजेट अर्थमन्त्री डा. युवराज खतिवडा र पछिल्लो बजेट अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सार्वजनिक गर्नुभएको थियो ।

यसमा मुलुक संघीयतामा गइसकेपछि सरकारको नीति तथा कार्यक्रम र बजेटमा आमसञ्चार र पत्रकारिता सम्बन्धी समावेश गरिएका नीति तथा कार्यक्रम, प्राथमिकताका क्षेत्र लगायतमा चर्चा गरिएको छ ।

## जनताको पहुँच

आमसञ्चारका माध्यममा सबै नागरिकको पहुँच हुनुपर्छ । पहुँच पुगेन भने नयाँ जानकारी प्राप्त नहुने मात्र होइन, सही र गलत छुट्टाउन सक्ने क्षमतामा समेत प्रभाव पर्न सक्छ । त्यसैले बेला बेलामा सरकारले जनताको पहुँचलाई प्राथमिकता दिएको पाइन्छ । आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा सबै प्रकारको आमसञ्चार माध्यममा नेपालीको पहुँच पुर्याइने प्रतिबद्धता व्यक्त गरिएको थियो । बजेटमा सबै प्रकारका सूचनाका माध्यममा नेपालीको पहुँच पुर्याउन आमसञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिष्पर्धी बनाइने उल्लेख गरिएको थियो ।

१ २०७७ साल पुष ५ गते प्रतिनिधिसा विघटन गरिएको प्रतिनिधिसभालाई २०७७ साल फागुन ११ गतेको सर्वौच्च अदालतको फैसलाले व्यूँताइदिएको थियो । २०७८ साल जेठ ८ गते पुनः विघटन गरिएको प्रतिनिधिसभालाई सर्वोच्च अदालतले असार २८ गते पुनः व्यूँताइदिएको थियो । २०७७ साल फागुन २३ गते सर्वोच्च अदालतले नेकपा खारेज गरी नेकपा एमाले र नेकपा माओवादीलाई एकता अघिको अवस्थामा पुर्याइदिएको थियो ।

त्यसपछि आर्थिक वर्ष २०७६/७७ को बजेटमा आमसञ्चार क्षेत्रको गुणस्तरीय एवं सर्वसुलभ पहुँचको लागि आमसञ्चार ऐन तर्जुमा गरिने प्रतिबद्धता व्यक्त गरिएको पाइन्छ ।

## व्यवसायिकताप्रति प्रतिबद्धता

व्यवसायिक पत्रकारिताले वास्तविक रूपमा पत्रकारिताका मूल्य मान्यतालाई अनुशरण गर्छ । व्यवसायिक पत्रकारिताले समाजको पहरेदार, राज्यको चौंथो अंगको भूमिका निर्वाह गर्न सक्छ भन्ने मान्यता रहिआएको छ । नीति तथा कार्यक्रममा व्यवसायिकताका अतिरिक्त निष्पक्ष, मर्यादित, जिम्मेवार र प्रतिष्पर्धी पनि राखेको पाइन्छ । आर्थिक वर्ष २०७५/७६को नीति तथा कार्यक्रममा आमसञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिष्पर्धी बनाइने उल्लेख गरिएको थियो । बजेटमा पनि ती कुरालाई निरन्तरता दिएको पाइन्छ । अर्को वर्षको नीति तथा कार्यक्रममा आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यवसायिक बनाउन कानुनी र संस्थागत व्यवस्था सहितको धिधनयामक निकाय स्थापना गर्ने उल्लेख गरिएको थियो । बजेटमा नेपाली पत्रकारिता गुणस्तरीयता, व्यवसायिकता र स्वच्छ अभ्यासलाई पत्रकारको हित र कल्याणमा परिचालन गर्न बजेटको व्यवस्था गरेको जानकारी गराइएको थियो ।

यस्तै गरी २०७७/७८को नीति तथा कार्यक्रममा आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यवसायिक बनाइ स्थिरता, स्थायित्व र विकासमा सञ्चार जगतको योगदान प्रवर्द्धन गर्न कानुनी र संस्थागत सुधारको प्रतिबद्धता पाइन्छ । आर्थिक वर्ष २०७८/७९ को बजेटमा सञ्चार गृह, सञ्चारकर्मी र समग्र प्रेस जगतको व्यवसायिक विकास गर्ने नीति अबलम्वन गरिने उल्लेख गरिएको छ ।

## कानुन र नियामक निकाय

संघीयतामा प्रवेश गरेपछि त्यसको मर्म र भावना अनुरूप कानुन निर्माण गर्नुका साथै नियामक निकाय बनाउनु पर्ने हुन्छ । त्यो विषय नीति तथा कार्यक्रम र बजेटमा स्थान पाएको पाइन्छ । आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा आमसञ्चार क्षेत्रलाई मर्यादित र व्यवसायिक बनाउन कानुनी र संस्थागत सहितको नियामक निकाय बनाउने उल्लेख गरेको थियो । त्यसैगरी बजेटमा आमसञ्चार ऐन तर्जुमा गर्ने प्रतिबद्धता जनाइएको थियो ।

यस्तैगरी आर्थिक वर्ष २०७७/७८ मा कानुनी र संस्थागत सुधार गर्ने उल्लेख गरेको पाइन्छ । मिडिया काउन्सिल विधेयक, सूचना प्रविधि सम्बन्धी विधेयक, सार्वजनिक प्रसारण विधेयक संसदमा छन् भने आमसञ्चार सम्बन्धी विधेयकको प्रस्ताव तयार भइ संसदमा पेश भएको अवस्था छैन ।

## नेपाल टेलिभिजन र रेडियो नेपाललाई पिएसबी बनाइने

नेपाल टेलिभिजन र रेडियो नेपाललाई सरकारको पञ्जाबाट बाहिर राख्नुपर्छ भन्ने धेरै पहिलेदेखि उठ्दै आएको विषय हो । त्यसको अचुक औषधीका रूपमा ती दुवैलाई सार्वजनिक प्रसारण संस्था बनाउने प्रस्ताव अघि सारिएको छ । जसमा सरकारको पनि पहल रहेको पाइन्छ ।

आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाका रूपमा एक व्यवस्थापनमा सञ्चालन गर्ने उल्लेख गरिएको थियो । बजेटमा रेडियो नेपाल र नेपाल टेलिभिजनको एकीकरण गरी सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा कार्यक्रम सञ्चालन गरिने उल्लेख थियो । त्यसैगरी आर्थिक वर्ष २०७६/७७ को बजेटमा रेडियो नेपाल र नेपाल टेलिभिजनको एकीकरण सम्पन्न गरी सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा कार्यक्रम सञ्चालन गरिनेछ भन्ने उल्लेख गरिएको पाइन्छ । रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण सेवा बनाउने सम्बन्धमा विधेयक तयार भइ राष्ट्रियसभामा छलफलको क्रममा छ । नेपाल पत्रकार महासंघले लोकतन्त्रमा सरकार आफैँले सार्वजनिक सञ्चारमाध्यम सञ्चालन नगर्ने विश्वव्यापी मान्यता एवं सार्वजनिक सेवा प्रसारणका आधारभूत सिद्धान्तविपरित सरकारी स्वामित्व र नियन्त्रणमै राख्ने प्रस्तावसहित आएको भन्दै विधेयकलाई अगाडि बढाइएकोमा गम्भीर असहमति व्यक्त गर्दै फिर्ता गर्न र महासंघले दिएका सुझावका आधारमा अघि बढ्न आग्रह गरेको थियो ।[२]

२ २०७८ साउन २८ गते नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति ।

## सञ्चारकर्मीको दक्षता बढाउन आमसञ्चार प्रतिष्ठान

पत्रकारको क्षमता अभिवृद्धिका लागि आमसञ्चार प्रतिष्ठान स्थापना गर्ने कुरा बेला बेलामा उठ्ने अनि सेलाउँदै आएको विषय हो । मुलुक संघीयतामा गएपछि आर्थिक वर्ष २०७८/८९ को बजेटमा मात्र सञ्चारकर्मीको पेशागत दक्षता अभिवृद्धि तथा व्यवसायिकता विकास गर्न आगामी आर्थिक वर्षभित्र आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने उल्लेख गरेको पाइन्छ ।

## पत्रकार दुर्घटना बिमा र पत्रकार वृति कोष

सरकारले पत्रकार दुर्घटना बिमा र पत्रकार वृति कोषलाई प्राथमिकता दिँदै आएको पाइन्छ । आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा पत्रकार दुर्घटना बिमा र पत्रकार वृति कोषलाई पत्रकारहरूको दिगो हितमा परिचालन गरिनेछ भन्ने उल्लेख गरिएको थियो । यस्तै बजेटमा दुवै कार्यक्रमलाई अनुदानको व्यवस्था गरिएको जानकारी दिइएको थियो ।

आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेटमा पत्रकार दुर्घटना बिमा र पत्रकार वृति कोषलाई सञ्चारकर्मीहरूको हितमा परिचालन गरिने उल्लेख गरिएको पाइन्छ । त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा श्रमजीवी पत्रकारका लागि रू.७ लाखसम्मको दुर्घटना बिमा गरी प्रिमियमको ५० प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ ।

## लोककल्याणकारी विज्ञापन

आर्थिक वर्ष २०७६/७७ को बजेटमा लोककल्याणकारी विज्ञापन वापत सरकारले प्रदान गर्ने रकममा १५ प्रतिशतले वृद्धि गरिएको थियो । आर्थिक वर्ष २०७७/७८ को बजेटमा सूचना प्रविधिमा आधारित सञ्चार माध्यमलाई प्रवर्द्धन गर्न सर्वजनिक सरोकार र लोककल्याणकारी विज्ञपान अनलाइनबाट समेत प्रसारण गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको थियो ।

## पत्रकारलाई निःशुल्क उपचार

आर्थिक वर्ष २०७८/७९ को बजेटमा नेपाल पत्रकार महासंघको सदस्य रहेका पत्रकारलाई सूचना तथा प्रसारण विभागले जारी गरेको परिचयपत्रको आधारमा देशभित्रका सबै सरकारी स्वास्थ्य संस्थामा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाएको उल्लेख गरिएको थियो । साउन १ गतेदेखि लागू गर्ने घोषणा गरिएको थियो । सरकार परिवर्तन भएपछि कार्यान्वयन प्रक्रियामा अन्योलता देखिएको छ ।

## पूर्वाधारमा सहयोग

बेला बेलामा सरकारले आमसञ्चार तथा पत्रकारिताको पूर्वाधारका लागि पनि सहयोग गरेको पाइन्छ । यसैक्रममा आर्थिक वर्ष २०७५/७६ को बजेटमा त्रिभुवन विश्व विद्यालय अन्तर्गतको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा अनुसन्धान र प्रयोगात्मक कक्षाहरू सहित आधुनिक भवन निर्माण गर्न बजेट व्यवस्था गरेको उल्लेख गरिएको थियो । यस्तै आर्थिक वर्ष २०७८/७९ को बजेटमा नेपाल पत्रकार महासंघको निर्माणाधिन भवन सम्पन्न गर्न आवश्यक रकम विनियोजन गरेको उल्लेख गरिएको छ ।

## प्रेस संग्राहलयको स्थापना

आर्थिक वर्ष २०७८/७९ को बजेटमा नेपालको प्रेस र पत्रकारिताको इतिहासलाई जीवन्त राख्न सञ्चाग्राम परिसरमा प्रेस संग्राहलय स्थापना गर्ने उल्लेख गरिएको छ ।

## पत्रकारलाई लेखन वृति र सञ्चारगृहलाई कर्जा

आर्थिक वर्ष २०७८/७९ को बजेटमा कोभिड-१९ बाट प्रभावित भइ रोजगारी गुमाएका पत्रकारलाई लेखनवृति दिने उल्लेख गरिएको थियो । यसैगरी आर्थिक वर्ष २०७८/७९ को

बजेटमा कोभिड -१९ बाट प्रभावित सञ्चारगृहलाई पुनर्कर्जा तथा व्यवसायिक निरन्तरता कर्जा सुविधा दिने उल्लेख गरिएको छ । पुनर्कर्जा र व्यवसायिक कर्जा अनुसार केही मिडिया सञ्चालकहरूले कर्जा लिएका छन् ।

## पत्रकार कल्याणकारी कोष

आर्थिक वर्ष २०७८/७९ को बजेटमा सरकारले सञ्चार प्रतिष्ठानहरूलाई लोककल्याणकारी विज्ञपान वापत उपलब्ध गराउने रकमको १० प्रतिशत पत्रकार कल्याणकारी कोषमा जम्मा गर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । यसैगरी निजी क्षेत्रबाट समेत विज्ञापन वापत प्राप्त आम्दानीको १० प्रतिशत रकम उक्त कोषमा जम्मा गर्न प्रोत्साहन गर्ने पनि बजेटमा उल्लेख गरिएको छ । नेपाल पत्रकार महासंघले कोष कार्यान्वयन गर्ने प्रतिबद्धतालाई स्वागत गरेको थियो ।[३] पछि यो प्रावधानले साना तथा स्वरोजगारमुलक सञ्चार माध्यममा निराशा पैदा गरेको भन्दै १० प्रतिशत रकम नकाट्न र लोककल्याणकारी विज्ञापनमा ५० प्रतिशत वद्धि गर्न माग गरेको पाइन्छ ।[४] २०७८ साल भदौ ९ गते पत्रकार महासंघको केन्द्रीय समितिको बैठकले लोककल्याणकारी विज्ञापन वृद्धि गर्न सरकारसँग माग गर्ने निर्णय गरेको थियो ।[५]

## प्राथमिकताका क्षेत्रहरू

नीति तथा कार्यक्रम र बजेटमा आमसञ्चार र पत्रकारिता क्षेत्रको प्राथमिकता केही बदलिएको र केहीलाई प्राय निरन्तरता पाएको पाइन्छ । आमसञ्चार क्षेत्रलाई व्यवसायिक बनाउने, पत्रकार दुर्घटना तथा बिमा र पत्रकार वृति कोषलाई नीति तथा कार्यक्रममा प्राथमिकता दिँदै आएको पाइन्छ ।

आर्थिक वर्ष २०७५/७६ मा आमसञ्चार माध्यममा सबैको पहुँच, निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिष्पर्धी मिडिया, नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाको रूपमा एक व्यवस्थापनबाट सञ्चालन गर्ने प्राथमिकतामा परेको पाइन्छ । यस्तैगरी पत्रकार दुर्घटना बिमा र पत्रकार दुर्घटना बिमालाई पनि प्राथमिकता दिएको पाइन्छ । आर्थिक वर्ष २०७६/७७ मा कानुनी र संस्थागत व्यवस्था सहितको नियामक निकाय स्थापनालाई जोड दिएको पाइन्छ । त्यसैगरी बजेटमा रेडियो नेपाल र टेलिभिजनलाई सार्वजनिक प्रसारण संस्था बनाउनेलाई पुनः दोहोराइएको छ ।र, लोककल्याण्कारी विज्ञापनलाई प्राथमिकता दिइएको छ ।

आर्थिक वर्ष २०७७/२०७८ मा कानुनी र संस्थागत सुधारलाई प्राथमिकता दिइएको छ । त्यस अतिरिक्त पत्रकार दुर्घटना बिमा र पत्रकार वृति कोष तथा लोककल्याणकारी विज्ञपानलाई जोड दिएको पाइन्छ । त्यसैगरी बजेटमा लोककल्याणकारी विज्ञापन अनलाइनबाट प्रसारण गर्ने व्यवस्थालाई पनि जोड दिएको पाइन्छ ।

आर्थिक वर्ष २०७८/७९ को बजेटमा पत्रकारका लागि दुर्घटना बिमा, पत्रकारलाई निःशुल्क उपचार, आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, कोभिड-१९ बाट प्रभावित पत्रकारलाई लेखनवृति र सञ्चार माध्यमहरूलाई पुनर्कर्जा र व्यवसायिक निरन्तरता कर्जाको सुविधा, पत्रकार कल्याणकारी कोषको स्थापना लगायतलाई प्राथमिकता दिएको पाइन्छ ।

## बहसका मुद्दाहरू

सरकार र मिडियाको सम्बन्ध तथा दायित्व र जिम्मेवारीका बारेमा थप छलफल हुनु जरूरी छ । नीतिगत रूपमा सरकार प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहँदै मिडियालाई केही न केही सहयोग गर्न प्रतिबद्ध देखिन्छ । नीति तथा कार्यक्रम र बजेटमा राखिएका नीति तथा कार्यक्रमहरूको ल्याउनुको मुख्य उद्देश्य के हुन र तिनीहरूको प्रभावकारिता के छ ? यसले सबै खाले मिडियाको विकास, प्रवर्द्धन र स्वतन्त्रतामा सहयोग गर्छ कि असर गर्छ ? यसबारे स्पष्ट हुन आवश्यक देखिन्छ ।

नेपालमा सरकारी र निजी क्षेत्रका मिडिया छन् । निजीलाई व्यवसायिक, सामुदायिक र सहकारीका रूपमा पनि हेर्ने गरेको पाइन्छ । त्यसैगरी पत्रिका, रेडियो, टेलिभिजन र अनलाइन माध्यम छन् । तिनीहरू सबैलाई नीति तथा कार्यक्रम र बजेट सम्बोधन गर्न सकेका छन कि छैनन ? सरकारले केही निश्चित विषय बाहेक सबै मिडियाबाट

---

३ २०७८ जेठ १६ गते नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति ।

४ २०७८ साउन १४ गते नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति ।

५ २०७८ भदौ ९ गते नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति ।

एउटै खालको भूमिका अपेक्षा गरेको पाइन्छ । त्यो कति सम्भव र व्यवहारिक हो, त्यसबारे छलफल गर्न जरूरी देखिन्छ ।

मिडियालाई व्यवसायिक, मर्यादित, जिम्मेवार, निष्पक्ष, प्रतिष्पर्धी बनाउने सरकारको भूमिका जरूरी हो कि मिडिया र पत्रकार आफैले गर्ने हो ? यस्तै पत्रकारको दक्षता बढाउने दायित्व सरकारको हो कि मिडियाको हो कि नेपाल पत्रकार महासंघ लगायत विभन्न संघसस्थाहरूको हो कि पत्रकार आफैको हो, यी पक्षमा पनि स्पष्ट हुन जरूरी छ ।

संघीयतामा संघलाई जरूरी पर्ने कानुन सबैभन्दा प्राथमिकतका आधारमा निर्माण हुनु पर्ने हो । तर, अहिलेसम्म मूलभूत कानुनहरू तयार हुन सकेका छैनन् । त्यसका कारणहरू पहिचान गर्न र कानुन निर्माण गर्ने वातावरण तयार पार्न आवश्यक देखिन्छ ।

लोककल्याणकारी विज्ञापनको प्रभावकारिता, पत्रकार दुर्घटना तथा वृति कोष, पत्रकारहरूको निःशुल्क उपचार, कोभिड-१९ बाट प्रभावित पत्रकारलाई लेखनवृति र सञ्चार गृहलाई पुनर्कर्जा र कर्जा, पत्रकार कल्याणकारी कोष, आमसञ्चार प्रतिष्ठान, भौतिक पूर्वाधारमा सहयोग लगायतको आवश्यकता र प्रभावकारिताबारे पनि छलफल हुनुपर्ने देखिन्छ । त्यसैगरी आमसञ्चार तथा पत्रकारिता क्षेत्रका लागि विनियोजन गरिएको बजेट र त्यसको प्रभावकारिताबारे पनि अध्ययन तथा अनुसन्धान हुन आवश्यक देखिन्छ ।

नीति तथा कार्यक्रम र बजेटमा ल्याएका आमसञ्चार र पत्रकारिता सम्बन्धी नीति तथा कार्यक्रम र बजेटहरूले आमसञ्चार, मिडिया, पत्रकार र पत्रकारिता क्षेत्रका मुद्दाहरूलाई सम्बोधन गर्छन कि सक्दैनन, छैनन भने तिनीहरूको पहिचान गरेर अघि बढ्न पनि आवश्यक हुन्छ ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**

पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल

रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।

इमेलः cmrnepal@butmedia.org

वेभः research.butmedia.org